# नेपाल मानव अधिकार संगठन
# Human Rights Organisation of Nepal

Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)

केन्द्रीय कार्यालय- अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu

Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org


च. नं. २६१०८१

मितिः २०८१/०५/१४

## अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गर्न अपिल

गौरा पर्वको अवसरमा काठमाडौंको टुँडिखेलमा आयोजित कार्यक्रममा राजनैतिक दलको उच्च नेतृत्वहरुका सम्बोधनका क्रममा नारावाजीमा संलग्न भएको भनी ३ जना युवाहरुलाई प्रहरीले पक्राउ गरेको र अभद्र व्यवहारमा मुद्दा चलाएको घटनाप्रति नेपाल मानव अधिकार संगठनको गम्भीर ध्यानाकर्षण भएको छ ।

नेपालको संविधान, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धी, महासन्धीहरु, मानवअधिकार विश्वव्यापी घोषणापत्र, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र लगायतले हरेक व्यक्तिलाई शान्तिपूर्वक अहिंसात्मक भेला, जुलुस गर्ने र आफ्ना मागहरु राख्ने तथा विरोध प्रदर्शन गर्ने अधिकार हुन्छ भनी विचार र अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चिता गरेको छ । यस सन्दर्भमा, आफ्नो हकाधिकारहरूको लागि आवाज उठाउन पाउने अधिकार रहेको र नेपाल सरकारमाथि नेपालको संविधानले व्यवस्था गरेका मौलिक हकहरु तथा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धी र महासन्धीहरूको पालना गर्ने गराउने जिम्मेवारी रहेको स्मरण गराउँदछौं ।

अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आधारभूत तत्व भएकाले यसलाई सुनिश्चित गर्नु हामी सबैको साझा जिम्मेवारी हो । शान्तिपूर्वक गरिएका विरोधका आवाजलाई लोकतन्त्रमा कुण्ठित गर्न पाईदैन । संगठन आगामी दिनमा यस्ता अलोकतान्त्रिक चरित्रको पुनरावृत्ति नगर्न, संविधान र कानूनी प्रावधानहरूको पूर्ण सम्मान गर्ने वातावरण सिर्जना गर्न, पक्राउ परेका व्यक्तिहरुको तत्काल रिहाइ गर्न तथा विचार र अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गर्न नेपाल सरकार लगायत सरोकारवालाहरुसँग जोडदार अपिल गर्दछ ।

इन्द्र प्रसाद अर्याल
अध्यक्ष
मो.नं.९८५१०५८३६८